# खत्याड गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## रामतडी,मुगु
### कर्णाली प्रदेश,नेपाल

पत्र संख्याः२०८२/०८३

सुचना संख्याः-

विषयः सुचना । सुचना ।। सुचना ।।।

तेस्रो पटक सुचना प्रकाशित मितिः२०८२/१२/२७

प्रस्तुत विषयमा खत्याड गाउँपालिकाको आ.व.२०८२/०८३ को वार्षिक स्विकृत कार्यक्रम अनुसार कृषि अनुदान प्रणालीलाई व्यवस्थित गरि कृषि व्यवसाय प्रर्वद्धनमा टेवा पुर्याउने उद्देश्य अनुरूप संघिय **विशेष अनुदान** अन्तर्गत **"व्यवसायिक टिमुर खेति प्रर्वद्धन कार्यक्रम"** संचालन गरि आगामी ५ वर्षमा पालिकालाई टिमुर निर्यातमा आत्मनिर्भर बनाउने उद्देश्य रहेको हुँदा **प्रथम पटक २१ दिन अर्थात मिति २०८२/११/१७** गते सम्मको म्याद भएको र **दोस्रो पटक १५ दिन अर्थात मिति २०८२/१२/१० गते देखी २०८२/१२/२४** गते सम्म म्याद भएको तर खत्याड गाउँपालिकामा रहेका केहि इच्छुक कृषक समुह तथा सहकारीहरु छुटेको भन्ने सुन्नमा आएको हुँदा उक्त छुटेका कृषक समुह र सहकारीहरूको माग बमोजिम दरखास्तको लागि तेस्रो पटक पुनः सुचना प्रकाशन गरिएकाले गाउँपालिका भित्रका इच्छुक कृषक समुह र सहकारी संस्थाहरूले तेस्रो पटक सुचना प्रकाशन भएको मितिले ७ दिन अर्थात मिति २०८३/०१/०३ गते भित्र गाउँपालिकाको कृषि विकास शाखामा तथा सम्वन्धित वडा कार्यालयमा तोकिएको ढाँचामा निवेदन पेश गर्नुहुन सरोकारवाला सबैमा यो सुचना प्रकाशित गरिएको छ ।साथै सुचनाको अन्तिम दिन कुनै सार्वजनिक विदा परेमा विदाको भोलिपल्ट कार्यालय खुल्ने दिन समेत निवेदन संकलन गरिने छ।

............
विजय ओली
कृषि विकास अधिकृत

............
नन्दकृष्ण पाध्याय
प्रमुख प्रशासकीय अधिकृत

खत्याड गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

रामतडी,मुगु

कर्णाली प्रदेश,नेपाल

खत्याड गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय रामतडी,मुगु कर्णाली प्रदेश,नेपाल

---

**आवश्यक कागजात:**

१ अनुसुचि २ बमोजिमको कार्यक्रम मागको निवेदन ।

२.कृषक समुह/सहकारी सम्बन्धित निकायमा दर्ता भएको प्रमाणपत्र र कार्यक्रम मागको निर्णय प्रतिलिपी ।

३.स्थायी लेखा नम्बर तथा आ.व.२०८१/०८२ को करचुक्ता प्रमाणपत्र ।

४.जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाण पत्रको प्रतिलिपी ।

५.नेपाली नागरिक्ताको प्रतिलिपी ।

पुनश्चः म्याद नाघि वा रित नपुगी प्राप्त हुन आएका निवेदनहरूलाई अनुदान कार्यक्रममा सहभागी गराउन सकिने छैन ।कृषक समुह/सहकारी संस्थाले कम्तिमा २००० बिरूवा अनिवार्य रूपमा लगाउनु पर्नेछ ।

थप जानकारीका लागि कृषि विकास शाखामा मो.नं.९८६१६७९६१६,९७४५५००११५ मा सम्पर्क गरी कार्यक्रमका बारेमा थप जानकारीका लिन सक्नुहुनेछ ।

**बोधार्थ:**

श्री अध्यक्ष ज्यूको सचिवालय,खत्याड गाउँपालिका रामतडी,मुगु ।

श्री उपाध्यक्ष ज्यूको सचिवालय,खत्याड गाउँपालिका रामतडी,मुगु ।

श्री सुचना तथा प्रविधि शाखा (वेवसाइटमा अपलोड गरिदिनुहुन)

.....................
विजय ओली
कृषि विकास अधिकृत
विजय ओली
कृषि अधिकृत

.....................
नन्दकृष्ण पाध्याय
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner